कर्जन्हा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)
कर्जन्हा,सिरहा
मधेस प्रदेश,नेपाल

कर्जन्हा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा मधेश प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८३
च.नं. ६०४

मिति:२०८२।०९।२८

विषय: विद्यालयमा कक्षा थपको अनुमति सम्बन्धमा।

श्री सबै विद्यालयहरु
कर्जन्हा नगरपालिका,सिरहा।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत शैक्षिक सत्र २०८३ देखि विद्यालयमा कक्षा थप लिन इच्छुक विद्यालयहरुले आवेदन फारमका साथ तपसिलको आवश्यक कागजात संग्लन गरी ३० (तिस) दिन भित्र नगरपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०८२।९।२८
रामाश्रय यादव
प्रमुख प्रशाकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
कर्जन्हा नगरपालिका

तपसिल
१.फारमसँग संग्लन गर्नुपर्ने कागजातहरु:
क)शिक्षा नियमावली २०५९ (संशोधन सहित)अनुसूची १ बमोजिमको ढाँचामा आवेदन।
ख) विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि।
ग) सम्बन्धित वडाको सिफारिस तथा सिफारिस बापत रकम बुझाएको रसिदको प्रतिलिपि।
घ)नजिक समान तहको दुईवटा विद्यालयको सहमतिपत्र।
ङ) तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि।
च)शैक्षिक नक्सा।
छ) शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

CamScanner

ज)कम्तिमा ३ वर्षसम्म निजी स्रोतमा सञ्चालन गर्ने सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय तथा प्रतिबद्धता पत्र (सामुदायिक विद्यालयको हकमा मात्र)।

झ)विद्यालयको नाममा आवश्यक जग्गा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि( सामुदायिक विद्यालयको हकमा मात्र )।

)विद्यालयले शैक्षिक सत्र २०८२ को इमिस तथ्याङ्क अपडेट गरेको कागजातको प्रमाणित प्रतिलिपि कक्षा थपको लागि।

२). संस्थागत विद्यालयको हकमा थप आवश्यक कागजातहरू

क)शैक्षिक गुठी स्वीकृत भएको विधानको प्रतिलिपि गुठीमा सञ्चालित विद्यालयको हकमा।

ख)कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धन पत्र र नियमावलीको प्रतिलिपि।

ग) कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

घ)कक्षा थप बापत दस्तुर तिरेको रसिद।

ङ) घरभाडा भए जग्गाधनीको लाल पुर्जी र कम्तीमा पाँच वर्षको सम्झौता पत्रको प्रतिलिपि।

च)लेखा परीक्षण प्रतिवेदन।

छ)पाठ्यक्रम तथा शुल्क विवरण।

ज)विद्यालयको प्रस्तावनापत्र ।

झ)पञ्चवर्षीय कार्य योजना ।

बोधार्थ: श्री सूचना प्रविधि शाखा वेबसाइटमा अपलोड गरिदिनुहुन।

२०८२।१।२८

प्रमुख प्रशासकीय अधिकृत
कर्जन्हा नगरपालिका